ISSN 1028-902X

NPSN: 116/080/81

# NARC NEWSLETTER

कृषि मूलश्च जीवनम्

A Quarterly Newsletter of Nepal Agricultural Research Council (NARC)

*Vol. 26 No. 1* *January - July, 2024*

## 33rd NARC Day Celebrated

On the occasion of the 33rd foundation day of the Nepal Agricultural Research Council, a journalist-scientist interaction program was held at the central office. Executive Director of NARC Dr. Surendra Lal Shrestha chaired the program. Scientist Dr. Bibek Sapkota presented the details of the technology related to agriculture, livestock and fishery, recently developed by NARC; while the Dr. Kalika Prasad Upadhyay, Chief of the National Agricultural Technology Information Center conducted the program. During the program, media persons inquired about various topics of technology and presentation developed by NARC and scientists clarified the issues raised in the discussion. Director of Livestock and Fishery Research Dr. Doj Raj Khanal, Director of Planning and Coordination Dr. Luma Nidhi Pandey, Director of Administration Nabin Prakash Paudel, Director of Financial Administration Manas Kumar Kandel, Director of National Agricultural Research Institute Binesh Man Sakha, Director of National Animal Science Research Institute Dr. Neena Gorkhali, chief of Khumaltar offices, scientists and journalists participated in the interaction.



## नेपाल कृषि अनुसन्धान परिषद को ३३ औ स्थापना दिवस

नेपाल कषि अनसन्धान परिषद को ३३ औ स्थापना दिवसको अवसरमा केन्दीय कार्यालयमा आयोजित पत्रकार-वैज्ञानिक अन्तरक्रिया कार्यक्रम २०८० बैशाख २४ गते सञ्चालन भएको थियो । कार्यक्रमको अध्यक्षता नार्कका कार्यकारी निर्देशक डा. सरेन्दलाल श्रेष्ठले गर्नभएको थियो । कार्यक्रममा वैज्ञानिक डा. विवेक सापकोटाले नार्कले हालसालै विकास गरेका कषि, पश र मत्स्यपालनसँग सम्बन्धित प्रविधिको विवरण प्रस्तत गर्नभएको थियो भने कार्यक्रमको सञ्चालन राष्टिय कषि प्रविधि सचना केन्दका प्रमख डा. कालिकाप्रसाद उपाध्यायले गर्नभएको थियो । कार्यक्रमको क्रममा नार्कले विकास गरेका प्रविधि र प्रस्ततिका विभिन्न विषयमा सञ्चारकर्मीहरूले जिज्ञासा राख्रको साथै वैज्ञानिकहरूले छलफलमा उठेका विषयमा प्रष्ट पार्नभएको थियो। कार्यक्रममा नार्कका पश तथा मत्स्य अनसन्धान निर्देशक डा. दोजराज खनाल, योजना तथा समन्वय निर्देशक डा. लमानिधि पाण्डे, प्रशासन निर्देशक नविन प्रकाश पौडेल, आर्थिक प्रशासन निर्देशक मनसकमार कँडेल, राष्टिय कषि अनसन्धान प्रतिष्ठानका निर्देशक बिनेशमान साख:, राष्टिय पश विज्ञान अनसन्धान प्रतिष्ठानका निर्देशक डा. नीना गोर्खाली, खमलटारस्थित कार्यालयहरूका प्रमुखहरू, वैज्ञानिकहरू र पत्रकारहरूको सहभागिता थियो।

## IN THIS ISSUE


- 33rd NARC Day celebrated
- IDA 21st meeting conducted
- 11th National horticulture workshop conducted
- 13th National animal and fishery research workshop held
- Statistical training for project leader organized
- World environment day 2024 Scientist-journalist interaction
- Training on digitization of research data organized
- Data analysis training for project leaders held
- Residential training for farmers on vegetable seed production held
- Workshop of NAHFA NARC conducted
- 15th National Outreach research workshop held
- Multispectral drone operation training completed
- Data management training held
- Genebank collaborating with communities of conserve landrace bananas
- Training, Workshops/Seminars, Study and Tours
- Research and extension Interaction program organized


Nepal Agricultural Research Council (NARC) is an apex body for Agricultural Research in the country with the goal of poverty alleviation and sustainable growth of agriculture production through technology generation in different aspects of agriculture.

## IDA 21st meeting conducted

As a part of the 21st meeting of the IDA (International Development Association) being held in Nepal from July 18 to 21. A site visit including a joint team of IDA was organized and discussed the achievements of the projects conducted in Nepal under the grant of World Bank in National Agronomy Research Center, Khumaltar, Lalitpur. The purpose of the program was to discuss about the real situation of Agromet bulletin and farmer call center and to observe the automatic weather measurement center, which was adopted and continued by NARC. The program was chaired by Executive Director of NARC Dr. Surendra Lal Shrestha and Secretary of the Ministry of Agriculture and Livestock Development (Livestock Development) Rajendra Prasad Mishra was the chief guest of the program. Rameshwar Rimal, technical officer of the National Agricultural Environment Research Center, gave a presentation on the status of the Agromet Bulletin and Farmer Call Center since its inception. Also, he shed light on the function of sensors connected to the automatic weather



measurement center, data transmission, agricultural research and proper use of these data in daily research at Khumaltar. Likewise, representatives of the IDA, Ministry of Finance of the Government of Nepal and the Government of the Netherlands and international development organizations also participated. Finally, the program was concluded with the participation of foreign guest by planting of paddy in the traditional way.

## IDA २१ औं बैठक सम्पन्न

यही जुलाई १८ देखि २१ सम्म आईडिए (International Development Association) को २१ औं मिटिङ अन्तर्गत विश्व बैंकको अनुदान तथा सहुलियत ऋणमा नेपालमा संचालित परियोजनाहरुको साईट भिजिट एवं उपलब्धीहरुबारे छलफल कार्यक्रम ६ असार २०८१ (२० जुन २०२४) मा राष्ट्रिय बाली विज्ञान अनुसन्धान केन्द्र, खुमलटार, ललितपुरमा सम्पन्न भएको भयो । त्यसै अवसरमा कृषि-मौसम सल्लाह बुलेटिन तथा किसान कल सेन्टरको वास्तविक अवस्थाबारे जानकारी लिने र स्वचालित मौसम मापन केन्द्रको अवलोकन गर्ने कार्यक्रम सम्पन्न भयो । कार्यक्रमको अध्यक्षता नेपाल कृषि अनुसन्धान परिषद्का का. मु. कार्यकारी निर्देशक डा. सुरेन्द्र लाल श्रेष्ठले गर्नुभएको थियो भने कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव (पशुपन्छी विकास) राजेन्द्र प्रसाद मिश्र प्रमुख अतिथि हुनुहुन्थ्यो। राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्रका प्राविधिक अधिकृत रामेश्वर रिमालले कृषि-मौसम सल्लाह बुलेटिन र किसान कल सेन्टरको स्थापना कालदेखि हालसम्मको अवस्था बारे प्रस्तुतीकरण गर्नुभएको थियो। साथै, स्वचालित मौसम मापन केन्द्रमा जडित सेन्सरहरुको कार्य, तथ्याङ्क प्रसारण, कृषि अनुसन्धान तथा दैनिक कृषि कर्ममा उक्त तथ्याङ्कहरुको समुचित प्रयोगबारे प्रकाश पारिएको थियो। त्यसैगरी कार्यक्रममा आईडिएका प्रतिनिधिहरु, नेपाल सरकार र नेदरल्याण्ड सरकारका अर्थ मन्त्रालयका प्रतिनिधिहरु र अन्तर्राष्ट्रिय विकास संस्थाका प्रतिनिधिहरु समेतको सहभागीता रहेको थियो। अन्त्यमा विदेशी पाहुनाहरु समेत सहभागी भई परम्पारगत तरिकाले धान रोपाई गरी उक्त कार्यक्रम समापन गरिएको थियो।

# 11th National Horticulture Workshop Conducted



National Horticulture Research Center conducted the 11th National Horticulture Workshop Symposium with the slogan "Horticultural Research towards commercialization". Honorable Jwala Kumari Shah, Minister of Agriculture and Livestock Development inaugurated the opening session of the two-day conference. Binesh Man Shakha, Director of NARI, chaired the program. Chief of National Horticulture Research Centre Dr. Tika Chapagain facilitated the program. Administration Director of NARC Navin Prakash Paudel, President of Nepal Horticulture Society Gopal Prasad Shrestha, Chief of National Fruit Development Center Kirtipur Dr. Shanta Karki, Chief of National Potato, Vegetable and Spice Development Center Januka Pandit along with former Directors of NARC, senior horticulture experts, chiefs of horticultural centers and programs under NARC, scientists, technical officers and communication personnel were present in the opening session. In this session, three thematic papers were presented. Current scenario and achievement of horticulture sector and future strategies were presented and discussed. There were 58 research papers presented in the workshop.

# ११ औं राष्ट्रिय वागवानी कार्यशाला गोष्ठी संचालन

“व्यावसायिकताका लागि बागवानी अनुसन्धान” भन्ने नाराका साथ राष्ट्रिय बागवानी अनुसन्धान केन्द्रले ११ औं राष्ट्रिय बागवानी कार्यशाला गोष्ठी संचालन गरेको छ । दुई दिनसम्म चल्ने यस गोष्ठीको उद्घाटन सत्रमा प्रमुख अतिथिको रुपमा कृषि तथा पशुपन्छी विकास मन्त्री माननीय ज्वाला कुमारी शाहको उपस्थिति रहेको थियो । राष्ट्रिय कृषि अनुसन्धान प्रतिष्ठानका निर्देशक बिनेश मान साखको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रम संचालन राष्ट्रिय बागवानी अनुसन्धान केन्द्रका प्रमुख डा. टिका राम चापागाईंले गर्नुभएको थियो । नार्कका नि. कार्यकारी निर्देशक तथा प्रशासन निर्देशक नवीन प्रकाश पौडेल, नेपाल हर्टीकल्चर सोसाइटीका अध्यक्ष गोपाल प्रसाद श्रेष्ठ,राष्ट्रिय फलफूल विकास केन्द्र कीर्तिपुरका प्रमुख डा. शान्ता कार्की, राष्ट्रिय आलु, तरकारी तथा मसलाबाली विकास केन्द्रका प्रमुख जानुका पण्डितका साथसाथै नार्कका भूतपुर्व कार्यकारी निर्देशकहरु, वरिष्ठ बागबानी विज्ञहरु, नार्क अन्तर्गतका बागवानी केन्द्रहरु तथा कार्यक्रमहरुको प्रमुखहरु, वैज्ञानिकहरु, प्राविधिक अधिकृतहरु र संचारकर्मीहरुको उपस्थिति रहेको थियो । यस सत्रमा तिनवटा विषयगत कार्यपत्रहरुको प्रस्तुति रहेको थियो । गोष्ठीमा वागवानी अन्तर्गत भएका अनुसन्धानसंग सम्बन्धित ५८ वटा कार्यपत्रहरु प्रस्तुत गरिएका थिए ।

## 13th National Animal and Fisheries Research Workshop held

The workshop was organized by Directorate of Livestock and Fisheries Research on 13th and 14th June, 2024 with the aim of sharing the outputs obtained from animal and fishery research during the last three years. The workshop was held at Agriculture Research Station Pakhribas Dhankuta. The Ministry of Agriculture and Livestock Development Deepak Kumar Kharal, secretary was the chief guest while the special guest was Director of Planning and Coordination of NARC, Luma Nidhi Pandey. In the workshop, 47 research papers were presented. In the event, the chief of the National Animal Breeding Office, Pokhara, Dr. Jagdish Pandey, chief of Agricultural Research Centre, Pakhribas Tirtha Rizal, Chief of Nepal Livestock Sector Innovation Project (Decentralized Project Support Unit), Dr. Sudhir Singh, Chief of REED Dhankuta, Indra Narayan Sah, head of Agriculture Campus Pakhribas, Nirajan Bhandari, Head of VLESC Dhankuta, Dr Loknath Dhungana, Chiefs of various research centers and livestock research programs, scientists, technical officers and others were present in the workshop.




## १३ औ राष्ट्रिय पशु तथा मत्स्य अनुसन्धान कार्यशाला गोष्ठी सम्पन्न

विगत तीन वर्षमा पशु तथा मत्स्य अनुसन्धानबाट प्राप्त नतिजा आदानप्रदान गर्ने उद्देश्यका साथ नेपाल कृषि अनुसन्धान परिषद (नार्क), पशु तथा मत्स्य अनुसन्धान, खुमलटार, ललितपुरद्वारा मिति २०८१ जेष्ठ ३१ र ३२ (दुइ दिने) सम्म कृषि अनुसन्धान केन्द्र पारवीबास, धनकुटामा संचालित तेह्रौ राष्ट्रिय पशु तथा मत्स्य अनुसन्धान कार्यशाला गोष्ठी सम्पन्न भयो । उक्त कार्यक्रमका प्रमुख अतिथि कृषि तथा पशुपंक्षी विकास मन्त्रालयका सचिब (कृषि विकास) डा. दिपक कुमार खराल रहनु भएको थियो भने बिशेष अतिथि नार्कका योजना तथा समन्वय निर्देशक डा. लुमानिधि पाण्डेले रहनु भएको थियो । कार्यशालामा ४७ वटा कार्यपत्र प्रस्तुत गरिएका थिए । कार्यक्रममा राष्ट्रिय पशु प्रजनन कार्यालय, पोखराका प्रमुख डा. जगदीश पाण्डे, कृषि अनुसन्धान केन्द्र, पाख्रिबासका प्रमुख तिर्थ रिजाल, नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना (विकेन्द्रीकृत आयोजना सहयोग इकाइ) का प्रमुख डा सुधिर सिह, रिड धनकुटाका प्रमुख इन्द्र नारायण साह, कृषि क्याम्पस पारवीवासका प्रमुख निराजन भण्डारी, VLESC धनकुटाका प्रमुख डा लोकनाथ ढुंगाना तथा विभिन्न अनुसन्धान केन्द्र र बालीवस्तु अनुसन्धान कार्यक्रमका प्रमुखहरु, बैज्ञानिक, प्राविधिक अधिकृत लगायतको उपस्थिति रहेको थियो ।

## Statistical Training for Project Leaders organized

The National Agricultural Research Institute (NARI) conducted Statistical Training for Project Leaders from 10th to 12th June, 2024. Thirty project leaders of NARC participated in the training. Director of Livestock and Fisheries Research Dr. Doj Raj Khanal inaugurated the training and said that such trainings would further develop the skills of project leaders. The chairperson and Director of NARI, Binesh Man Sakha, NARC Administration Director Naveen Prakash Paudel, Finance Director Manas Kumar Kadel, Head of Monitoring and Evaluation Division and Dr Himal Prasad Timilsina were present in the training. Statistical tools such as jamovi, kobocollect, methods of data analysis were explained by Dr Balkrishna Joshi, Dr. Umesh Acharya, Dr. Kishore Dahal and Dr. Bibek Sapkota in the training.

## परियोजना प्रमुखहरुका लागि तथ्यांक सम्बन्धी तालिम सम्पन्न

राष्ट्रिय कृषि अनुसन्धान प्रतिष्ठानले परियोजना प्रमुखहरुका लागि तथ्यांक सम्बन्धी तालिम मिति २०८१/०२/२८ देखि २०८१/०२/३० सम्म खुमलटारमा संचालन गरेको थियो I उक्त तालिममा परिषद् अन्तर्गतका विभिन्न कार्यालयहरुका ३० जना परियोजना प्रमुखहरुको सहभागिता रहेको थियो I तालिमको उद्घाटन सत्रका प्रमुख अतिथि नार्कका पशु तथा मत्स्य अनुसन्धान निर्देशक डा. दोजराज खनालले यस्ता तालिमहरुले परियोजना प्रमुखहरुको सीप अझ बढी विकास हुने बताए I राष्ट्रिय कृषि अनुसन्धान प्रतिष्ठानका निर्देशक विनेश मान साख:को अध्यक्षतामा भएको उद्घाटन सत्रमा नार्कका प्रशासन निर्देशक नवीन प्रकाश पौडेल, आर्थिक प्रशासन निर्देशक मनस कुमार कडेल, अनुगमन तथा मुल्यांकन महाशाखा प्रमुख डा. हिमाल प्रसाद तिमिल्सिना, खुमलटार परिसरका प्रमुखहरु तथा संयोजकहरुको उपस्थिति रहेको थियो I तालिममा statistical tools हरु जस्तै jamovi, kobocollect, जस्ता software हरुको परिचय, data analysis का methods बारे डा. बालकृष्ण जोशी, डा. उमेश आचार्य, डा. किशोर दाहाल र विवेक सापकोटाले प्रशिक्षण गर्नुभएको थियो I

## World Environment Day 2024- Scientist-Journalists Interaction



National Agriculture Environment Research Center (NAERC) conducted a scientist-journalist interaction on the occasion of World Environment Day-2024. The chief of NAERC, Dr. Dhruba Raj Bhattarai presented the present scenario on Climate Smart Agriculture for Climate Change Risk Mitigation. In the interaction, Director of planning and coordination NARC, Dr. Luma Nidhi Pandey along with 15 journalists from different media and 25 scientists were present.

The program was facilitated by Kumar Mani Dahal. The center celebrated World Environment Day-2024 that on June 5 by planting trees.

## विश्व बातावरण दिवस २०२४ -बैज्ञानिक-पत्रकार अन्तरक्रिया

राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्रले विश्व वातावरण दिवस-२०२४ को अवसरमा वैज्ञानिक-पत्रकार अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको थियो । “जलवायु परिवर्तन जोखिम न्यूनीकरणको लागि कलाइमेट स्मार्ट कृषि” विषयमा गरिएको सो अन्तरक्रियामा केन्द्रका प्रमुख डा. ध्रुबराज भट्टराईले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । सो अन्तरक्रियामा नार्कका योजना तथा समन्वय निर्देशक डा. लुमानिधि पाण्डे, बिभिन्न मिडियाका १५ जना संचारकर्मी र् २५ जना बैज्ञानिकहरुको सक्रिय सहभागिता थियो । कार्यक्रमको सहजीकरण कुमारमणि दाहालले गर्नु भएको थियो । जुन ५ मा यस केन्द्रले वृक्षारोपण गरी विश्व वातावरण दिवस-२०२४ मनाइएको थियो ।

## Training on digitization of research data organized

Training on Digitization of Research Data was organized by National Agricultural Research Institute (NARI) at Fisheries Research Station, Begnas for technical and scientific staff was conducted from 7th to 9th June and National Rice Research Program, Hardinath, Dhanusha from 16th to 18th June 2024. Bineshman Sakha, Director of NARI and chairperson the program said that the institute will conduct such trainings in the future and will continue to enhance the capacity of the employees. Thirty-two employees participated in the graining of NARC.

## डिजिटाइजेशन अफ रिसर्च डेटा विषयक तालिम सञ्चालन

राष्ट्रिय कृषि अनुसन्धान प्रतिष्ठानले प्राविधिक र वैज्ञानिक कर्मचारीहरूका लागि आयोजना गरेको Digitization of Research Data विषयक तालिम मस्त्य अनुसन्धान केन्द्र बेगनासमा २०८१ जेठ ७ देखि ९ गते सम्म र राष्ट्रिय धान बाली अनुसन्धान कार्यक्रम, हर्दिनाथ, धनुषामा २०८१ जेठ १६ देखि १८ सम्म संचालन भयो । कार्यक्रमका अध्यक्ष राष्ट्रिय कृषि अनुसन्धान प्रतिष्ठानका निर्देशक बिनेशमान साख:ले आगामी दिनमा पनि प्रतिष्ठानले यस्ता तालिमहरू सन्चालन गर्दैजाने र कर्मचारीको क्षमता बढाउने काम जारी रहने बताउनु भयो। यी दुबै तालिममा नार्कका कुल ३२ जना कर्मचारीको सहभागिता रहेको थियो ।

## Data analysis training for project leaders held

A -3day data analysis training for project leaders was organized by the National Animal Science Research Institute (NASRI) on 2nd June 2024. Dr. Dojraj Khanal, Acting ED of NARC and Planning and Coordination Director of NARC Dr. Luma Nidhi Pandey were present in the training. The director of the NASRI Dr. Neena Amatya Gorkhali chaired the program. She highlighted the rationale of the training and instructed all the trainees to take full advantage of this training program. The chief guest Dr. Dojraj Khanal said that this type of training will be provided in agriculture, animal and fisheries research. Sixteen technical officers and scientists from the NASRI Subordinate Offices participated in the training. Dr. Uttam Babu Shrestha, Director of Global Institute for Interdisciplinary Research, Engineer Shirish Maharjan and Suraj Joshi were the trainers in the training.

## परियोजना लिडरहरुको लागि तथ्यांक विश्लेषण तालिम

मिति २०८१ जेठ २० गते देखि राष्ट्रिय पशु बिज्ञान अनुसन्धान प्रतिष्ठानले आयोजना गरेको अनुसन्धान परियोजना लिडरहरुको लागि ३ दिने तथ्यांक बिश्लेषण तालिम कार्यक्रम संचालन भयो । कार्यक्रमका प्रमुख अतिथि नेपाल कृषि अनुसन्धान परिषद्का निमित्त कार्यकारी निर्देशक डा.दोजराज खनाल र अतिथि नेपाल कृषि अनुसन्धान परिषद्का योजना तथा समन्वय निर्देशक डा.लुमानिधि पाण्डे रहनु भएको कार्यक्रमको अध्यक्षता राष्ट्रिय पशु विज्ञान अनुसन्धान प्रतिष्ठानका निर्देशक डा. निना अमात्य गोर्खालीले गर्नुभएको थियो । डा. गोर्खालीले तालिम कार्यक्रमको औचित्य माथि प्रकाश पार्दै सम्पूर्ण प्रशिक्षार्थीहरुले यस तालिम कार्यक्रमवाट अधिकतम फाइदा लिन अग्राह गर्नुभयो । कार्यक्रमलाइ सम्बोधन गर्दै प्रमुख अतिथि डा. दोजराज खनालले कृषि, पशु तथा मत्स्य अनुसन्धानमा यस प्रकारका तालिम दिइनु पर्ने बताउनु भयो । तालिममा नास्री मातहत कार्यालयका १६ जना प्राविधिक अधिकृत तथा वैज्ञानिक हरुको सहभागिता रहेको थियो । तालिममा ग्लोबल इन्स्टिच्युट फर इन्टर डिसीप्लिनरी रिसर्चका निर्देशक डा.उत्तम बाबु श्रेष्ठ, इन्जिनियर शिरिश महर्जन र सुरज जोशी प्रशिक्षक हुनुहुन्थ्यो ।

## Residential training for farmers on vegetable seed production held

National Horticulture Research Center Khumaltar, Lalitpur organized farmer-level residential training on vegetable crop seed production and hybrid seed production technology from June 16 to June 22, 2024. The chief guest Executive Director of NARC Dr Surendra lal Shrestha inaugurated the opening ceremony of the seven days residential training. The chairman of the program, the chief of the NHRC Dr. Tika Ram Chapagain said that farmers selected from all over the country would receive training on the latest seed production techniques of commercial vegetable crops. Benu Prasad Prasai chief of SQCC, Januka Pandit, Chief of NPVSCDC, Shri Prasad Bist, Chief of NSSRC, scientists, technical officers, farmers and journalists participated in the session. Twenty farmers from different ecological regions of the country participated in the training.

## तरकारी बालीको बीउ उत्पादन सम्बन्धि आवासीय तालिम संचालन

राष्ट्रिय वागवानी अनुसन्धान केन्द्र खुमलटार, ललितपुरले आयोजना गरेको तरकारी बालीको बीउ उत्पादन तथा वर्णशंकर प्रविधि सम्बन्धि कृषक स्तरीय आवासीय तालिम मिति २०८० जेठ १६ देखि जेठ २२ सम्म संचालन गरिएको थियो । सात दिनसम्म चलेको उक्त तालिमको उद्घाटन प्रमुख अतिथि नेपाल कृषि अनुसन्धान परिषदका कार्यकारी निर्देशक डा. सुरेन्द्र लाल श्रेष्ठले गर्नुभएको थियो । कार्यक्रमका अध्यक्ष राष्ट्रिय वागवानी अनुसन्धान केन्द्रका प्रमुख डा. टिकाराम चापागाईले तरकारी बालीहरुको नवीनतम बीउ उत्पादन प्रविधिहरुबारे कृषकहरुले प्रशिक्षण पाउने र भोलिका दिनमा आ आफ्नो ठाउँमा सम्भावना भएका बालीहरुको बीउ उत्पादनमा संलग्न हुन सक्ने बताउनु भयो । कार्यक्रममा बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र, हरिहरभवनका प्रमुख बेनु प्रसाद प्रसाई, राष्ट्रिय आलु, तरकारी तथा मसला बाली विकास केन्द्रका प्रमुख जानुका पण्डित, राष्ट्रिय माटो विज्ञान अनुसन्धान केन्द्रका प्रमुख डा. श्रीप्रसाद विष्ट, वैज्ञानिक, प्राविधिक अधिकृत, किसान र पत्रकारहरुको सहभागिता रहेको थियो । तालिममा विभिन्न भेगका किसानहरुको सहभागिता थियो ।

## Workshop of NAFHA NARC conducted

NARC PIU conducted a workshop on "Progress Review, Problem Identification and Prioritization of Research Areas" at Directorate of Agricultural Research, Lumle on June 11, 2024. Inaugurating this conference, the chief guest and Director of Planning and Coordination of NARC, Dr. Luma Nidhi Pandey said that the focus should be on variety recommendations and technology development. Yam Kumari Shrestha, Senior Horticulture Development Officer of NAFHA - Central Project Management Unit, Kirtipur, said that this conference would help clarify the future course of action to be taken by NARC in this project. Head of Planning Division of NARC Dr. Tek Prasad Gotame, Director of Agricultural Research Directorate, Lumle Prenil K.C., heads and representatives of project implementation units at the provincial level under NAHFA, heads of various vegetable research centers (Dailekh, Malepatan, Jumla), leading fruit experts, senior scientists, officers, farmer representatives and media workers were present in the workshop.



## NAFHA NARC को कार्यशाला सम्पन्न

पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना नेपाल कृषि अनुसन्धान परिषद्- आयोजना कार्यान्वयन एकाइले यस आ.व. को स्वीकृत कार्यक्रम “प्रगति समीक्षा, समस्या पहिचान तथा अनुसन्धान क्षेत्र प्राथमिकीकरण" सम्बन्धी कार्यशाला गोष्ठी २०८१ साल जेठ ११ गते कृषि अनुसन्धान निर्देशनालय लुम्लेमा सम्पन्न गर्यो । यस गोष्ठीको उद्घाटन गर्दै प्रमुख अतिथि नार्कका योजना तथा समन्वय निर्देशक डा. लुमानिधि पाण्डेले यो गोष्ठी जातीय विकास र प्रविधि विकासमा केन्द्रित रहनुपर्ने बताउनुभयो । नाफा - केन्द्रीय आयोजना व्यवस्थापन एकाइ, किर्तिपुरका वरिष्ठ वागवानी विकास अधिकृत यम कुमारी श्रेष्ठले यो कार्यशालाले यस आयोजनामा नार्कले गर्नुपर्ने भावी कार्यदिशालाई अझ बढी स्पष्ट बनाउन सहयोग गर्ने बताउनुभयो । कार्यशाला नार्कका योजना महाशाखा प्रमुख डा. टेकप्रसाद गोतामे, कृषि अनुसन्धान निर्देशनालय, लुम्लेका निर्देशक प्रेनिल के.सी, नाफा अन्तर्गत प्रदेशस्तरमा रहेका आयोजना कार्यन्वयन एकाईका प्रमुख तथा प्रतिनिधिहरु, विभिन्न वागवानी अनुसन्धान केन्द्र (दैलेख, मालेपाटन, जुम्ला) का प्रमुखहरु, अग्रज फलफूल विज्ञहरु, वरिष्ठ वैज्ञानिकहरु, अधिकृतहरु, किसान प्रतिनिधिहरु तथा मिडियाकर्मीहरु लगायतको उपस्थिति थियो ।

## 15th National Outreach Research workshop held

The Fifteenth National Outreach Research Workshop with the aim of increasing agricultural production through validation and extension of agricultural technology was held in Directorate of Agricultural Research, Lumle on 2nd and 3rd June 2024. Inaugurating the workshop, Secretary of the Ministry of Agriculture and Land Management, Gandaki Province. Dr. Tank Prasad Prasain said that there is a need to attract the youth in agricultural business in order to transfer the agricultural technologies to the farmers. For this, he pointed out the need to inform the farmers properly about the beneficial technology after accounting for the cost of the technology and the benefits obtained from it. Forty researchers working under NARC participated in the workshop. There were 31 papers presented in the workshop, 3 on the subject, 19 on crops, and 9 on livestock and fisheries.

## राष्ट्रिय बाह्य अनुसन्धान कार्यशाला गोष्ठी सम्पन्न

कृषि प्रविधिको प्रमाणीकरण र विस्तारको माध्यमबाट कृषि उत्पादन बढाउने उद्देश्यका साथ पन्ध्रौं राष्ट्रिय बाह्य अनुसन्धान कार्यशाला गोष्ठी कृषि अनुसन्धान निर्देशनालय, लुम्लेमा मिति २०८० जेठ २ र ३ गते सम्पन्न भयो । राष्ट्रिय बाह्य अनुसन्धान कार्यक्रम, खुमलटार, ललितपुरद्वारा आयोजित कार्यशालाको उद्घाटन गर्नुहुँदै कृषि तथा भूमि व्यवस्था मन्त्रालय, गण्डकी प्रदेशका सचिव डा. टङ्कप्रसाद प्रसाईंले कृषि प्रविधिहरु कृषकसमक्ष हस्तान्तरण गर्न युवाहरुलाई कृषि व्यवसायमा आकर्षण गर्नुपर्ने खाँचो रहेको बताउनुभयो । यसको लागि प्रविधिको लागत र त्यसबाट प्राप्त हुने लाभको लेखाजोखा गरी फाइदाजनक प्रविधिबारे किसानलाई राम्ररी बुझाउनुपर्ने आवश्यकता उहाँले औंल्याउनुभयो । कार्यशालामा नार्क अन्तर्गतका अनुसन्धान केन्द्रहरुमा कार्यरत ४० जना अनुसन्धानकर्ताहरुको सहभागिता थियो । कार्यशालामा विषयगततर्फ ३, बालीनालीतर्फ १९ र पशु एवम् मत्स्यतर्फ ९ वटा गरी ३१ वटा कार्यपत्र प्रस्तुत गरिएका थिए ।

## Multispectral drone operation training completed

National Agricultural Engineering Research Center, Khumaltar, organized a two-day training on "Multi-Spectral Drone Operation Training" for agricultural engineers at Agricultural Machinery Testing and Research Center Nawalpur, Sarlahi on 1st and 2nd June 2024. Honorable Minister of Agriculture and Livestock Development Jwala Kumari Shah inaugurated the training by flying a multispectral drone at the research farm. During this programme, the honorable Minister also visited the testing laboratory and facilities of NAERC. The chief of the center informed about the importance of the centre. Chief of National Agricultural Engineering Research Center Dr. Shrimat Shrestha explained the importance of agricultural engineering research for agricultural development in Nepal.

## बहुउपयोगी ड्रोन सञ्चालन तालिम सम्पन्न

नेपाल कृषि अनुसन्धान परिषद (नार्क), राष्ट्रिय कृषि ईन्जिनियरिङ अनुसन्धान केन्द्र, खुमलटारले मिति २०८१ जेठ १ र २ गते कृषि मेसिनरी परीक्षण तथा अनुसन्धान केन्द्र नवलपुर, सर्लाहीमा आयोजना गरेको कृषि इन्जिनियरहरुका लागि २ दिने "बहुउपयोगी ड्रोन सञ्चालन तालिम" सम्पन्न गर्यो । माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री श्री ज्वालाकुमारी साहले अनुसन्धान फार्ममा बहुउपयोगी ड्रोन उडाएर तालिमको उद्घाटन गर्नुभयो । यस कार्यक्रमको क्रममा माननीय मन्त्रीले कृषि मेसिनरी परीक्षण तथा अनुसन्धान केन्द्रको परीक्षण प्रयोगशाला र सुविधाहरूको पनि भ्रमण गर्नुभएको थियो। उक्त केन्द्रका प्रमुखले केन्द्रको महत्ववारे जानकारी गराउनु भयो। राष्ट्रिय कृषि ईन्जिनियरिङ अनुसन्धान केन्द्रका प्रमुख डा. श्रीमत श्रेष्ठले नेपालमा कृषि विकासका लागि कृषि इन्जिनियरिङ अनुसन्धानको महत्वबारे व्याख्या गर्नुभयो ।

## Data management training held

National Animal Science Research Institute (NASRI) completed a four-day data management training on 9-12 July 2024. Inaugurating the workshop, the chief guest Dr. Surendra Lal Shrestha, Executive Director of NARC highlighted the importance of data recording and management. On this session, the directors of NARC Dr. Dojraj Khanal, Dr. Luma Nidhi Pandey and Mr. Navin Prakash Paudel were present. A total of 22 participants from 14 offices under the NARC. The program was chaired by Dr. Neena Gorkhali, Director of NASRI.




## तथ्यांक व्यवस्थापन तालिम सम्पन्न

राष्ट्रिय पशु विज्ञान अनुसन्धान प्रतिष्ठानले चार दिने तथ्यांक व्यवस्थापन तालिम बैशाख २७ देखि ३० सम्म सम्पन्न गर्यो । कार्यकमको शुभारम्भ गर्दै प्रमुख अतिथि कृषि अनुसन्धान परिषदका कायममुकायम कार्यकारी निदेशक डा. सुरेन्द्रलाल श्रेष्ठले डेटा रेकर्डिङ र व्यवस्थापनको महत्वमाथि प्रकाश पर्नुभयो । सो अवसरमा परिषद्का निर्देशकहरु डा. दोजराज खनाल, डा. लुमानिधि पाण्डे र नविन प्रकाश पौडेलको उपस्थिति रहेको थियो । नार्कका १४ वटा कार्यालयवाट कुल २२ जना सहभागीहरुले तालिममा भाग लिएका थिए । कार्यक्रमको अध्यक्षता रा.प.अ.प्र.का निर्देशक डा. नीना गोर्खालीले गर्नु भएको थियो । कार्यकम राष्ट्रिय पशु बिज्ञान अनुसन्धान प्रतिष्ठानका निर्देशक डा. नीना अमात्य गोर्खालीको सभापतित्वमा भएको थियो ।

## Genebank collaborating with communities to conserve landrace bananas

National Agricultural Genetic Resource Center (National Genebank) NARC, Crop Development and Agricultural Biodiversity Conservation Center and In the joint project of Sri Santaneshwar Mahadev Kailash Parvat Conservation and Samvardhana Seva Sangha, the local/Raithane varieties of bananas have been grown as an integral part of the Agricultural Heritage Reservation Site at Santaneshwar Mandir Parishsar in Godavari-13 Jharuvarashi. A 750 meter long Dadali Banaka trail was also established. On this occasion, 62 banana plants of 32 varieties were collected from Gulmi, Palpa, Kavrepalanchok, Dhading, Lalitpur, Navalpur, Udaipur and Arghakhanchi districts. Including 24 plants obtained from the local community 86 plants were planted. Gajendra Maharjan, Mayor of Godavari Municipality was present in this program. It was completed in the presence of around 70 people including Ward Chairman Bhaskar Thapa and other government and non-government organizations and local residents.

## भुमि जातका केरा संरक्षण गर्न समुदायसंग सहकार्य गर्दै जीनबैंक

राष्ट्रिय जीन बैंक, बाली विकास तथा जैविक विविधता संरक्षण क्षेत्र र श्री संतानेश्वर महादेव कैलाश पर्बत सम्बर्धन सेवा संघको संयुक्त आयोजनामा ललितपुरको संतानेश्वर मन्दिर परिसरमा केराका स्थानीय जातहरु रोपेर ७५० मिटरको कद्‌ली केरा पदमार्ग निर्माण गरियो। यस अवसरमा राष्ट्रिय जीन बैंकले गुल्मी, पाल्पा काभ्रेपलाञ्चोक, धादिङ, ललितपुर, नवलपुर, उदयपुर, अर्घाखाँची लगायतका जिल्लावाट संकलन गरी ल्याएका ३२ जातका ८६ वटा बोटहरु रोपिएको थियो । उक्त कार्यक्रममा गोदावरी नगरपालिकाका प्रमुख श्री गजेन्द्र महर्जन, १३ नम्बरका वडा अध्यक्ष श्री भाष्कर थापा सहित ७० जना सरकारी, गैर सरकारी संघ/संस्था र कृषकहरुको सहभागिता रहेको थियो ।

# Training, Workshop/Seminar, Study and Tours

| S.N. | Name | Position | Office | Subject | Duration | Country |
|---|---|---|---|---|---|---|
| 1. | Dr. Roshan Babu Ojha | S-2 | NSSRC, Khumaltar | ACASA Spatial Crop Modeling Workshop | 16-18 Jan 2024 | Sri Lanka |
| 2. | Rameshwar Rimal | T-6 | NAERC, Khumaltar | " | " | " |
| 3. | Dr. Luma Nidhi Pande | Director | NARC | The Second belt & Road Forum of Food Security & 2024 International Academic Conference on Tropical Agriculture Science and Tech. Cooperation | 21-23 Jan 2024 | China |
| 4. | Mahesh Subedi | S-1 | NPBGRC, Khumaltar | Wheat Improvement Course (WIC 2024) | 26 Feb-22 Mar 2024 | Mexico |
| 5. | Ram Prasad Mainali | S-2 | NAGRC, Khumaltar | International Training course to enhance the conservation and sustainable use of Asian Vegetable Biodiversity | 8-12 April 2024 | Taiwan |
| 6. | Amar Bahadur Pun | S-4 | NHRC, Khumaltar | Training on Breeding Tomato & Pepper Cultivars in AFACI Member Countries | 10-19 Jan 2024 | Thailand |
| 7. | Dr. Ranjana Rawal | S-2 | " | " | " | " |
| 8. | Dr. Ram Bahadur Khadka | S-2 | NPPRC, Khumaltar | MARPLE Diagnostics Training Workshop | 29-31 Jan 2024 | Nairobi, Kenya |
| 9. | Bashishtha Acharya | T-7 | NPPRC, Khumaltar | Fourth South Asia Hydromet Forum | 6-9 Feb 2024 | Sri Lanka |
| 10. | Dr. Ram Prasad Ghimire | S-5 | Pasture & Fodder Res. Programme, Khumaltar | Annual General Meeting & Global Nutrition Symposium 2024 | 7-9 Feb 2024 | America |
| 11. | Padam Prasad Paudel | S-4 | NLRP, Khajura Banke | Gridscore, experimental design & statistical analysis for breeding & multi-environment trials | 19-23 Feb 2024 | New Delhi, India |
| 12. | Dr. Rajendra Darai | S-5 | NMRP, Rampur Chitwan | Review and Update | 7-Mar-24 | Hyderabad, India |
| 13. | Dr. Sarswati Neupane | S-3 | " | " | " | " |
| 14. | Dr. Mahendra Pd. Tripathi | S-1 | " | " | " | " |
| 15. | Dr. Neena Amatya Gorkhali | Director | NASRI, Khumaltar | Inception Workshop for NSFC-ICIMOD | 27-29 Mar 2024 | China |
| 16. | Dr. Mathura Yadav | S-4 | NRRP, Hardinath | Analytical Tool Demo: Biometrical genetics workflow & one IRRI South Asia Advancement Meet-2024 | 2-5 April 2024 | Hyderabad, India |
| 17. | Bishwas Raj Bastola | S-1 | " | " | " | " |
| 18. | Dr. Reshmi Munkarmi | T-6 | NAHRC, Khumaltar | Veterinary Laboratory Training | 5 April 2024-25 Mar 2025 | Japan |
| 19. | Dr. Tika Bahadur Karki | Director | NARC | Regional Workshop on Accelerating Climate Resilient Crop Improvement | 15-19 April 2024 | Viet Nam |
| 20. | Dr. Mukunda Bhattarai | T-6 | NAGRC, Khumaltar | FAO & IIMR Millet Training - PhaseII | 22 April- 1 May 2024 | Hyderabad, India |
| 21. | Dr. Dhruba Raj Bhattarai | S-4 | NAERC, Khumaltar | Training Workshop on Modules CSAT | 22-24 April 2024 | Hyderabad, India |

| S.N. | Name | Position | Office | Subject | Duration | Country |
|---|---|---|---|---|---|---|
| 22. | Dr. Pradip Sah | S-2 | " | " | " | " |
| 23. | Dr. Luma Nidhi Pandey | Director | NARC | Face to Face General Assembly Meeting | 28-May-24 | Thailand |
| 24. | Dr. Roman Karki | S-4 | NFRC, Khumaltar | 2024 AFACI Project Evaluation Workshop on AFCD | 27-31 May 2024 | Thailand |
| 25. | Prabin Ojha | S-2 | " | " | " | " |
| 26. | Dr. Bibek Sapkota | S-2 | Planning Division , NARC | ACASA Livestock Risk & Adoption Meeting | 21-23 May 2024 | New Delhi, India |
| 27. | Dr. Sunita Sanjyal | S-2 | Pasture & Fodder Res. Program, Khumaltar | " | " | " |
| 28. | Dr. Anjay Sah | S-2 | National Swine Res. Program, Pakhribas | " | " | " |
| 29. | Dr Saroj Sapkota | S-2 | NABGRC, Khumaltar | " | " | " |
| 30. | Dr. Ajit Jha | S-2 | National Avian Res. Program, Bara | " | " | " |
| 31. | Rupa Bastola | T-6 | NANRC, Khumaltar | " | " | " |
| 32. | Sudeep Kumar Upadhyay | S-2 | NERC, Khumaltar | Symposium and Regional Coordination Meeting | 6-13 May 2024 | Beijing, China |
| 33. | Dr. Shree Prasad Bista | S-4 | NSSRC, Khumaltar | International Symposium/ Workshop on development of the Soil Atlas of Asia & National Soil Information System for Soil Health & other applications | 18-21 Jun 2024 | Philippines |
| 34. | Dr.Navin Rawal | S-1 | " | " | " | " |
| 35. | Dr. Surendra Lal Shrestha | ED | NARC | Exposure Visit | 11-16 Jun 2024 | Bhutan |
| 36 | Amar Bahadur Pun | S-4 | NHRC, Khumaltar | Visit and training program | 19-13 Jul 2024 | Thailand |
| 37 | Raj Kumar Giri | S-3 | Horticulture Research Centre, Jumla | | 15-23 Jun 2024 | Thailand |
| 38 | Shyam Prasad Paudel | S-1 | Agricultural Res. Directorate, Gandaki Province Lumle | " | " | " |
| 39 | Dr. Dhruba Raj Bhattarai | S-4 | NAERC, Khumaltar | International Conference on "Polymertec 24" | 19-20 June 2024 | Germany |
| 40 | Dr. Luma Nidhi Pandey | Director | Planning | Exposure Visit | 23-29 June 2024 | India & Bangladesh |
| 41 | Dr. Bandhu Raj Baral | S-4 | Hill Crop Res. Program, Kabre | Exposure Visit | " | " |
| 42 | Dr. Tek Prasad Gotame | S-4 | Planning Division , NARC | Meeting to share Agriculture R & D of Nepal and Bhutan | 1-6 Jul 2024 | Bhutan |
| 43 | Dr. Bisheshwar P. Yadav | S-4 | Agricultural Research Directorate, Madhes Province Parwanipur | " | " | " |

## Research and Extension Interaction Program organized

Sheep and goat research and extension interaction program was held at National Animal Science Research Institute, Khumaltar, Lalitpur from 29 to 30 Chaitra 2080. Similarly on 16-17/01/2081 a two-day Swine and fishery research and extension interaction program was held at Fisheries Research Center, Gandaki Province, Begnas, Kaski. The program was conducted by the NARC with the aim of providing information about the technologies developed in the research of large ruminant, small ruminant, non-ruminant and fishery research. Under the chairmanship of Dr. Doj Raj Khanal, Director of NARC, Dr. Rewati Raman Paudel, Secretary of MoALD was the chief guest and Dr. Tank Prasad Prasain, Secretary of Agriculture and Land Management, Gandaki Providence was the special guest; Dr. Surya Prasad Paudel, Joint Secretary of MoALD; Director of NARC Dr. Luma Nidhi Pandey; Dr. Prerana Prasain, DG, Directorate of Livestock and Fisheries Development, Gandaki Providence; Pranil KC Director of DoAR, Lumle; Dr. Samid Ahamad Director of DoAR, Khujara; Scientists and Technical Officers were present.




## अनुसन्धान तथा प्रसार अन्तरक्रिया कार्यक्रम

नेपाल कृषि अनुसन्धान परिषद (नार्क), पशु तथा मत्स्य अनुसन्धानको आयोजनामा मिति २०८०/१२/२९ गते गाईभैसी तथा २०८०/१२/३० गते भेडाभाख्रा अनुसन्धान तथा विस्तार अन्तरक्रिया कार्यक्रम राष्ट्रिय पशु विज्ञान अनुसन्धान प्रतिष्ठान, खुमलटार तथा मिति २०८१/०१/१६ गते बंगुर-कुखुरा र १७ गते मत्स्य अनुसन्धान तथा विस्तार अन्तरक्रिया कार्यक्रम मत्स्य अनुसन्धान केन्द्र, बेगनास, कास्कीमा सम्पन्न भयो । परिषदद्वारा गाईभैसी, भेडाबाख्रा, बंगुर-कुखुरा तथा मत्स्य अनुसन्धानबाट बिकसित प्रविधिहरुबारे जानकारी दिन तथा यसको विस्तारबारे छलफल गर्ने उदेश्यले कार्यक्रम संचालन गरिएको थियो। नार्कका पशु तथा मत्स्य अनुसन्धान निर्देशक डा. दोजराज खनालको अध्यक्षतामा सञ्चालित उक्त कार्यक्रममा प्रमुख अतिथि कृषि तथा पशुपंक्षी विकास मन्त्रालयका सचिव (पशुपंक्षी तर्फ) डा. रेवती रमण पौडेल तथा बिशेष अतिथि कृषि तथा भुमि ब्यबस्था मन्त्रालय, गण्डकी प्रदेशका सचिब डा. टंक प्रसाद प्रसाई हुनुहुन्थ्यो भने अतिथिहरूमा कृषि तथा पशुपंक्षी विकास मन्त्रालयका सहसचिब डा. सुर्य प्रसाद पौडेल, नार्कका योजना तथा समन्वय निर्देशक डा. लुमानिधि पाण्डे, पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय, गण्डकी प्रदेशका महानिर्देशक डा. प्रेरणा प्रसाई, कृषि अनुसन्धान निर्देशनालय, लुम्बिनी प्रदेशका निर्देशक डा. समिद अहमद, कृषि अनुसन्धान निर्देशनालय, गण्डकी प्रदेशका निर्देशक, प्रनिल के.सि., गण्डकी प्रदेशस्थित पशु तथा मत्स्य विकास कार्यालयका प्रमुखहरु, नार्क अन्तर्गतका पशु तथा मत्स्य अनुसन्धान केन्द्रका प्रमखहरु हुनुहुन्थ्यो त्यसैगरी बागमती प्रदेश अन्तरगत पशु सेवा तथा मत्स्य कार्यालयका अधिकृतहरु, नार्कमा कार्यरत बैज्ञानिकहरु, प्राबिधिक अधिकृतहरु लगायतको सहभागिता रहेको थियो ।

*Patron:* Dr. Surendra Lal Shrestha, Executive Director
**Nepal Agricultural Research Council**
Khumaltar, Lalitpur
Phone: 5422804
Email: ednarc@ntc.net.np

**Published by**
National Agricultural Technology Information Centre
Email: cpdd@narc.gov.np, naticnarc@gmail.com

Editorial
Dr. Kalika Prasad Upadhyay : Chief/Senior Scientist(S-4)
Ms. Suprabha Pandey : Senior Tech. Officer (T-7)
Mr. Rishi Ram Adhikari : Technical Officer (T-6)

To

______________________________

______________________________